कृषि तथा वन विज्ञान विश्वविद्यालय

# परीक्षा नियन्त्रण कार्यालय

रामपुर, चितवन

प.नि.का.च.नं.......................२०७८/०७९

मिति: २०७९।११।३०

**मौका परीक्षाको ONLINE परीक्षा आवेदन फाराम भर्ने सम्बन्धी सूचना ।**

कृषि तथा वन विज्ञान विश्वविद्यालय, पशु विज्ञान, पशु चिकित्सा र मत्स्य विज्ञान संकाय अन्तर्गत **शैक्षिक सत्र २०७३/०७४** मा सञ्चालित **B.V.Sc. & A.H.** मा भर्ना भई अध्ययनरत छैटौं सेमेष्टरको मौका परीक्षामा अनुत्तीर्ण भएका विद्यार्थीहरुले कृ.व.वि.वि., परीक्षा वोर्डको निर्णयानुसार एक पटकका लागि मात्र छैटौं सेमेष्टरको पुन: मौका परीक्षामा सम्मिलित हुन **मिति २०७९/११/३० देखि मिति २०७९/१२/०५ गते राती १२:०० बजे अगावै** नियमित शुल्क र **मिति २०७९/१२/०६ देखि मिति २०७९/१२/०८ गते राती १२:०० बजे अगावै** बिलम्ब शुल्कमा परीक्षा आवेदन फाराम भर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

परीक्षा आवेदन फाराम **form.afu.edu.np** मा उपलब्ध हुनेछ ।

**शर्तहरु :**

१. परीक्षा आवेदन फाराममा उल्लेखित विवरणहरु सवै भरिएको हुनु पर्नेछ । आवेदन फाराममा परीक्षार्थीहरुको हालसालै खिचेको अनुहार र दुवै कान प्रष्ट देखिने पासपोर्ट साइजको फोटो upload गर्नु पर्नेछ ।

२. मौका परीक्षामा सम्मिलित हुनको लागि परीक्षा शुल्क रु. ८५०।- र परीक्षा आवेदन फाराम शुल्क रु.१०० का दरले बुझाउनु पर्नेछ । तोकिएको समय अवधिमा फाराम नभरेमा निम्न वमोजिम विलम्ब शुल्क लाग्नेछ ।

| | |
|---|---|
| २०७९ साल चैत्र ०६ गते | रु.३००।- |
| २०७९ साल चैत्र ०७ गते | रु.५००।- |
| २०७९ साल चैत्र ०८ गते | रु.११००।- |

**परीक्षा आवेदन फाराम भर्ने Portal को Online Payment Link बाट मात्रै परीक्षा शुल्क रकम भुक्तानी गर्नु पर्नेछ ।**

३. आन्तरिक मूल्यांकन परीक्षामा अनुत्तीर्ण परीक्षार्थीहरु अन्तिम परीक्षामा सम्मिलित हुन पाउने छैनन् ।

४. प्रवेश पत्र **(Admit Card)** परीक्षा शुरु हुनु भन्दा २ (दुई) दिन अगाडि विद्यार्थी स्वयम्ले download गर्न सक्नेछ

५. उक्त फाराम भर्ने क्रममा कुनै समस्या आएमा वा त्रुटि भएमा सम्बन्धित संकायमा सम्पर्क राख्नुहोला ।

६. परीक्षाको समय तालिका पछि प्रकाशित गरिनेछ र साथै कृषि तथा वन विज्ञान विश्वविद्यालयको **Website www.afu.edu.np** वाट पनि हेर्न सकिनेछ ।

...............................

प्रा.डा. शुनिला राई

परीक्षा नियन्त्रक

**परीक्षा नियन्त्रक**